आज मिति २०७८ असोज ०५ गते मंगलबार अपराह्न १२:०० वजे गाउँपालिकाको न्यायिक समितिको हलमा यस गाउँपालिकाका अध्यक्ष श्री कर्ण वहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय वमोजिमको उपस्थितीमा तपशिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मगर | |
| २ | उपाध्यक्ष | श्री पदममाया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्द बहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर स्याङ्तान | |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर वहादुर पुलामी | |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराजअधिकारी | |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | शेर |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हितलाल श्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६ | कार्यपालिका सदस्य | श्री दुधकुमारी ठकुरी | दुधा |
| १७ | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | देवमाया |
| १८ | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | |
| १९ | कार्यपालिका सदस्य | श्री भगवती श्रेष्ठ | |
| २० | कार्यपालिका सदस्य | श्री गीता माया थापा | गीता |

१. सहजकर्ता सुरेश कु० पराल
२. गोपाल प्र० पहाडी
३. गोविन्द प्याकुरेल
४. बालनाथ अधिकारी
५. पदम कु० तामाङ

प्रस्ताव १   गाउँपालिका भवन सम्बन्धमा ।

निर्णय

१. प्रशासनिक भवन सम्वन्धि सम्झौता भएको रकम सम्पुर्ण भुक्तानि नभएकोले भेरियसन वापतको रकम रु ४२,००,०००।– (वयालिस लाख) लाई सम्झौता रकम रु ४,८२,००,०००।– (चार करोड वयासि लाख) भित्र मानी नियमित गर्ने ।

२. प्रशासनिक भवन, खानेपानी लगायत अन्य आवाश्यक कार्यको लागि अनुमानित रकम रु २,००,००,०००।– (दुइ करोड मात्र) समपुरक कोषमा राखी कार्यपालिकाले स्वीकृत गरे वमोजिम भुक्तानी हुने ।

३. गाउँपालिकाको प्रशासनिक भवन सम्वन्धमा मिति २०७७।१२।०४ को भेरियसन सम्वन्धी भौतिक तथा वित्तीय कार्य सम्पादन नियम सम्मत भए नभएको सम्बन्धमा राजनितिक दल र प्राविधिक सहितको अधिकार सम्पन्न डि.पि.आर, ठेक्का र भेरियसन सम्बन्धि छानविन हुनेगरी तपशिल वमोजिम एक छानविन समिति बनाई समितिको प्रतिवेदनको आधारमा कार्यपालिकालको निर्णय वमोजिम समपुरक कोषबाट भुक्तानी गर्ने ।

तपशिल

१. नेपाल सरकार मातहत रहेको कार्यालयमा कार्यरत सम्वन्धित विषयको विज्ञता भएको अधिकृत स्तरको वरिष्ठ इन्जिनियर - संयोजक

२. राष्ट्रिय मान्यता प्राप्त स्थानीय राजनीतिक दलको दलीय प्रतिनिधिहरु - सदस्य

३. गाउँपालिकाको प्राविधिक शाखाको इन्जिनियर – सदस्य

४. गाउँपालिका योजना शाखा प्रमुख – सदस्य सचिव

<u>कार्यक्षेत्र</u>

१. भौतिक तथा वित्तीय कार्यसम्पादन बिच प्राविधिक पुन मूल्याङ्कनद्धारा पुनरावलोकन गरी पहिलो वैठक बसेको एक महिना भित्र कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

२. निर्णय सर्व सम्मत हुनेछ ।सर्व सम्मत हुन नसके वहुमतको निर्णय मान्य हुनेछ ।

३. समितिले आवाश्यक परेमा विषय विज्ञको रुपमा प्राविधिकलाइ आमन्त्रित गर्न सक्नेछ ।